फोन ०३८-४१०१२८/४१०१२०
मो ९८४२९०६४६८ ९८४९६६७५४७

# सोताङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
सोताङ, सोलुखुम्बु

(प्रथम पटक प्रकाशित मिति २०७४/११/१५ गते)

## राजधानी राष्ट्रिय दैनिक पत्रिका

### प्रथम पटक प्रकाशित सिलवन्दी बोलपत्र आह्वानको सुचना ।

यस गाउँपालिकाबाट विद्युतिय पोल खरीद गर्ने कार्य सिलवन्दी बोलपत्रद्वारा गराउनु पर्ने भएकाले फेब्रिकेटरहरु तथा सप्लायर्सहरु मध्येबाट निम्न सर्तहरुको अधिनमा रही बोलपत्र फारम पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१.बोलपत्रको सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको ५.०० बजे भित्र आ.व.२०७३/०७४ सम्मको नविकरण भएको ईजाजत प्रमाण पत्र,कर चुक्ता प्रमाण पत्र,भ्याट दर्ता प्रमाण पत्रको प्रमाणित प्रलिलिपी,निवेदन र कार्यालयले तोकेको दस्तुर(फिर्ता नहुने)तिरी सोताङ गाउँपालिकाको कार्यालय सोलुखुम्बुबाट फारम प्राप्त गर्न सकिनेछ ।

२.बोलपत्र फारमहरु ३१ औं दिनको १२.०० बजे भित्र सिलवन्दी गरि खाममा सम्बन्धीत ,ठेक्का नं.र फेब्रिकेटरको नाम लेखी सोताङ गाउँपालिकाको कार्यालय, सोताङ, सोलुखुम्बुमा पेश गर्नुपर्ने छ ।

३.नियमनुसार पेश भएको बोलपत्रहरु ३१ औं दिनको २.०० बजे कार्यालय,ठेकेदार वा निजका प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । ठेकेदार वा निजका प्रतिनिधीहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४.जमानत बापतको रकम कबोल अंकको २.५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको सोलुखुम्बु स्थित रा.बा बैंक शाखामा रहेको धरौटी खाता नं.२०२०३०३०००७०६ मा दाखिला गरेको सक्कल भौचर वा कम्तीमा ९० दिन म्याद राखी बाणिज्य बैंकहरुबाट जारी भएको (विडबण्ड) बैंक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

५.बोलपत्रमा आफुले कबोल गरेको अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्ने छ । यदी अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

६.बोलपत्र स्वीकृत गर्ने,आंशिक स्वीकृत गर्ने,अस्वीकृत गर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

७.म्याद नाघी,रित नपुगी र सर्त राखी पेश भएका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८)स्वीकृत भएको बोलपत्र वालाले आफुले कबोल गरेको अंकको ५ प्रतिशतले नपुग हुने रकम कार्यालयको धरौटी खातामा दाखिला गरेको सक्कल बैंक भौचर वा कम्तिमा ९ महिना म्याद राखी यस कार्यालयको नाममा जारी भएको बैंक जमानी पत्र(परफरमेन्स वण्ड)पेश गर्नुपर्नेछ ।

९.)बोलपत्र खरिद गर्ने ,पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट उक्त कार्यहरु गरिनेछ ।

१०) कुनै एक फर्म वा संस्थाको नाममा खरिद भएको फारम अर्को फर्म वा संस्थाको नाममा पेश गर्न पाईने छैन ।

११)यसमा उल्लेख भए बमोजिम बाहेक अन्य कुराहरु सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

१२)यस सम्वन्धमा अन्य कुराहरु बुझ्न परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**निम्न**

| ठेक्का नं. | योजनाको नाम | ल.ई. रकम (भ्याट बाहेक) | धरौटी २.५% | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १/०७४/०७५ | विद्युतीय पोल खरीद तथा ढुवानी (ढुवानी काठमाडौं देखि सोताङ,सोलुखुम्बु सम्म) | ७०७९,२१३।२९ | २०००००।०० | ३०००।- | |